म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९३ बुधबार २८ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 13 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पालुङ प्रहरीलाई कुर्सी र डिस्पेन्सर सहयोग

हेटौंडा, २७ कात्तिक/स्वावलम्वन लघुवित्त वित्तीय संस्था लि.पालुङशाखाले इलाका प्रहरी कार्यालय पालुङलाई कुर्सी तथा डिस्पेन्सर वितरण गरेको छ ।

थाहा नगरपालिका-३ थानाबजारस्थित गंगा होटलमा एक कार्यक्रमको आयोजना गरी संस्थाले प्रहरीलाई सामग्री वितरण गरेको हो । कार्यक्रमका प्रमुखअतिथि थाहा नगरप्रमुख विष्णु विष्टले २० वटा कुर्सी र २ वटा वाटर डिस्पेन्सर प्रदान गरेका थिए ।

स्वावलम्बन लघुवित्त महिला समूह (५४) का अध्यक्ष रुपा खत्रीको सभाध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख विष्ट, वडा नं ४ का वडाध्यक्ष नारायण लामा, वडा नं १ का कार्यवाहक वडाअध्यक्ष सरोज प्रधान, प्रहरीनिरीक्षक सविनबाबु अर्याललगायतको उपस्थिति रहेको थियो ।

# पूर्वमुख्यमन्त्री पाण्डेकै लाईनमा बहालबाला मुख्यमन्त्री लामा

प्रतिक्षा न्यौपाने

हेटौंडा, २७ कात्तिक/ तत्कालीन नेकपामा विभाजन आएसँगै बागमती प्रदेश सरकारमा भदौ २०७८ बाट राजनीतिक अस्थिरताले पुन: जरो गाड्यो ।



त्यसयता बागमतीमा संघीय सरकारकै पछौटेपनको प्रभावले पटक-पटक सरकार फेरबदल भइरहे । करिब साढे ३ वर्ष तत्कालीन नेकपाबाट सरकारको नेतृत्व गरेका डोरमणि पौडेलले २ भदौ ०७८ मा राजीनामा दिएपछि एमालेकी अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनिन् । एमाले विभाजनपश्चात् अल्पमतमा परेकाले शाक्य दुई महिनामै सत्ताच्यूत भएपछि ११ कात्तिक ०७८ मा नेकपा (एकीकृत समाजवादी) बाट राजेन्द्र पाण्डेले गठबन्धन सरकारको नेतृत्व गरे ।

त्यतिबेला १३ सांसद सहित प्रदेशको चौथो सानो दल एकीकृत समाजवादीका पाण्डेले नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को समर्थनमा सरकार गठन गरे । सरकारमा तीनवटै दललाई भाग पुऱ्याउन ८ बाट एकैपटक १४ वटा मन्त्रालय पुऱ्याए । उनले हेटौंडा उपमहानगरपालिका-१, चौकीटोलस्थित एउटै भवनको प्रत्येक तलाका झ्यालझ्यालमै मन्त्रालयका बोर्ड झुण्ड्याए ।

उनको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए । झ्याल-झ्यालमा मन्त्रालय राखेको र जम्बो मन्त्रिपरिषद् बनाएका कारण उनको करिब डेढवर्षे कार्यकालले बदनामी कमायो । एउटै भवनमा पाँचवटा मन्त्रालय राखिएकोमा हाल चारवटा मन्त्रालय सञ्चालन छन् । सरकार विस्तारलाई लिएर आलोचित पाण्डेले २ पुस ०७९ मा राजीनामा दिनुअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिदाई कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रालय बढाएकाले नै सफलता मिलेको दाबी गर्न भने छोडेनन् ।

पाण्डेकै उही दाबी २ वर्षपछि पनि दोहोऱ्याउनु पर्ने बाध्यतामा पुगेका छन्, बागमतीका वर्तमान मुख्यमन्त्री बहादुरसिं लामा । बागमतीमा मंगलबार मात्रै १४ वटा मन्त्रालय पुऱ्याइएको छ । प्रदेश मन्त्रिपरिषद्को बैठकले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय विभाजन गर्दै सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गर्ने निर्णय गरेको छ । यो निर्णयसँगै पूर्वमुख्यमन्त्री पाण्डेकै 'खराब रेकर्ड' लामाले पनि दोहोऱ्याउन पुगेका छन् ।

साना दलले सरकार बनाउन मन्त्रालय बढाएर समर्थन लिनुपर्ने बाध्यताकाबीच प्रदेशका दुई ठूला दल नेपाली कांग्रेस (३७ सांसद) र नेकपा एमाले (२७ सांसद)को सहकार्य भएपछि सरकार बनाउन धेरै दलको सहयोग लिनुपर्ने अवस्था थिएन । जसकारण गत साउन ०८१ मा नेपाली कांग्रेस र एमालेको सरकार गठन हुनुअघि प्रशासन क्षेत्रका जानकारहरु मन्त्रालय घट्नेमा विश्वस्त देखिन्थे ।

'पहिला साना दललाई जोडेर बहुमत पुऱ्याउनकै लागि यति धेरै मन्त्रालय बनाइयो । अब कांग्रेस र एमालेले पनि मन्त्रालय संख्या घटाएर राज्यको आर्थिक भार कम गराएनन् भने कहिले र कसले गर्छ ?' सरकारलाई सुझाव दिँदै मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख यम सिलवालले भनेका थिए । प्रदेशको प्रशासनिक खर्च घटाउन मन्त्रालय संख्या कटौती गर्दै ७ वटा मात्रै कायम गर्ने कांग्रेस र एमाले सहकार्य उपयुक्त समय रहेको उनको अपेक्षा थियो ।

मुख्यमन्त्री लामाले सरकार गठन भएको साढे तीन महिनामा आफ्नै पार्टीभित्रको आन्तरिक दबाबका कारण मन्त्रालय फुटाएका हुन् । सपथ लिएको ११२ दिनदेखि विनावपभागीय रहेका कांग्रेसका मन्त्री मदुकुमार श्रेष्ठलाई जिम्मेवारी दिन मन्त्रालय फुटाइएको हो । हिजोको मन्त्रिपरिषद्ले श्रेष्ठलाई जिम्मेवारी तोक्ने निर्णय नगरेपनि आगामी बैठकले तोक्ने गरी सैद्धान्तिक सहमति रहेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

बागमतीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी, ऊर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम, रोजगार तथा यातायात, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन, संस्कृति, पर्यटन तथा सहकारी, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय रहेको अब सहकारी मन्त्रालय पनि थपिएको छ ।

विभाजन गरिएको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयमा कांग्रेसका बिमल ठकुरीले नेतृत्व गरि रहेका थिए । ९ साउनमा मुख्यमन्त्री लामासँगै श्रेष्ठले शपथ लिएका थिए । बागमतीमा मुख्यमन्त्री कार्यालयसहित १३ मन्त्रालय र मन्त्रिपरिषद १४ सदस्यीय थियो । मन्त्रालय नतोकिएका कारण विनाविभागीय मन्त्री श्रेष्ठ विगत साढे तीन महिनादेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एउटा कोठामा बस्दै आएका थिए ।

### सात वर्षमा दोब्बर मन्त्रालय

बागमतीमा प्रदेश सरकारको पहिलो कार्यकालबाटै मन्त्रालय फुटाउने क्रम चलिरहेको छ । भदौ ०७८ मा मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाउँदै मन्त्रालय संख्या ८ वटा बनाएकी थिइन् ।

त्यसअघि डोरमणि पौडेलले ७ वटा मन्त्रालयबाट ०७४ देखि सरकार चलाउँदै आएका थिए । शाक्य दुई महिनामै सत्ताच्यूत भएपछि ११ कात्तिक ०७८ मा मुख्यमन्त्री बनेका नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डेले गठबन्धन सरकारमा भागबण्डा पुऱ्याउन १४ वटा मन्त्रालय बनाए । पाण्डेको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए ।

निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंसिर ०७९ मा १४ वटा मन्त्रालय ११ वटामा झारेका थिए । पटकपटक गठबन्धन परिवर्तन हुँदा जम्कट्टेलले सत्ता टिकाउनकै लागि मन्त्रालय संख्या ११ बाट बढाएर १३ वटा बनाएका थिए ।

पाण्डे र जम्कट्टेललाई सरकार बनाउन साना दलसमेत जोडेर धेरै दलको समर्थनमा बहुमत पुऱ्याउनुपर्ने अवस्था थियो । तर, अहिले त्यस्तो परिस्थिति नहुँदा पनि मन्त्रालय थपेर धान्नै नसक्ने गरी चालुखर्च बढाउने बाटोमा प्रदेश सरकार अगाडि बढेको छ ।

# ताजिकिस्तान पुगेका अञ्जन विष्टलाई कीर्तिमानको अवसर

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ नेपाली फुटबल टोली पाँच महिना पछि अन्तराष्ट्रिय खेल खेल्न मंगलबार ताजिकिस्तान पुगेको छ । ताजिकिस्तानमा नेपालले ताजिकिस्तान र अफगानिस्तानसँगको मैत्रीपूर्ण खेल खेल्नेछ ।



नेपालले बुधबार डुसानबेस्थित सेन्ट्रल स्टेडियममा ताजिकिस्तानविरुद्ध खेल्दैछ । १६ नोभेम्बरमा अफगानिस्तानसँग खेल्नेछ । नोभेम्बर १३ देखि १९ ( कात्तिक २८-मंसिर ४ गते) सम्मको फिफा विन्डोभित्र नेपालले दुई मैत्रीपूर्ण खेल खेल्न लागेको हो । नेपालले यसअघि साउदी अरेबियामा फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोटअन्तर्गत यमनविरुद्ध २९ जेठ (जुन ११) मा खेलेको थियो । यो खेल २-२ को बराबरीमा सकिएको थियो ।

साउदीअरेबियामा खेलेपछि नेपालले कुनै अन्तराष्ट्रिय खेल खेलेको थिए । २३ सदस्यीय नेपाली फुटबल टोलीमा हेटौंडाका अञ्जन विष्ट फर्वार्ड छन् । गोलकिपरमा किरणकुमार लिम्बु, दीप कार्की, विशाल सुनार छन् । डिफेण्डरमा अभिषेक लिम्बु, विमल पाण्डे, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, अभिषेक वाइबा, रणदीप पौडेल, अन्जल महर्जन तथा मिडफिल्डरमा रोहन कार्की, मणिकुमार लामा, एरिक विष्ट, अरविन्द राई (आशिष), भरत खवास, उत्सव राई, मनिष डाँगी, आयुश घलान, सुमित श्रेष्ठ छन् ।

फरवार्डमा जिलेस्पीजंग कार्की, अञ्जन विष्ट, निराजन धामी रहेका छन् । अञ्जनलाई ताजिकिस्तानमा हुने दुई मैत्रीपूर्ण खेल कीर्तिमान बनाउने अबसर हुनेछ । चोटका कारण विश्वकप छनोटको अन्तिम दुई खेल (युएई र यमन) गुमाएका फरवार्ड अञ्जन विष्टले टिममा पुनरागमन गरेका छन् । अञ्जन नेपालका लागि सर्वाधिक गोल गर्ने सूचीमा संयुक्त रुपमा शीर्ष स्थानमा छन् । पूर्वकप्तान हरि खड्का र नीराजन रायमाझीसँगै अञ्जनले नेपालका लागि सर्वाधिक १३ गोल गरेका छन् ।

अब एक गोल गरेमा उनले नेपालका लागि सर्वाधिक गोल गर्ने कीर्तिमान बनाउनेछन् । ताजिकिस्तान र अफगानिस्तानविरुद्ध खेल्दा अञ्जनका लागि पनि व्यक्तिगत कीर्तिमान बनाउने अवसर हुनेछ । अञ्जनले पछिल्लोपटक फिफा विश्वकप छनोटको प्रारम्भिक चरणको छनोट अन्तर्गत लाओस विरुद्ध घरेलुमैदानमा गोल गर्दै कीर्तिमान बराबरी गरेका थिए । तर, त्यसपछि भने उनले गोल गर्न सकेका छैनन् ।

# ऋषेश्वरमा घुइँचो

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुरको थाहानगरपालिका दामनस्थित चर्चित धार्मिकस्थल ऋषेश्वर महादेव मन्दिरमा हरिबोधिनी एकादशी पर्वका अवसरमा धर्मावलम्बीहरुको घुइँचो लागेको छ ।



मेलामा थाहा नगर पालिकालगायत मकवानपुर, धादिङ, चितवन, काठमाडौं, बारा, पर्सा, काभ्रे तथा तिब्बतबाट समेत हजारौंको संख्यामा श्रद्धालु भक्तजन मेला भर्न आएका छन् । मन्दिर परिसरमा बाबियोको डोरीमा फूलपाती राखेर 'फूल तार्ने' प्रचलन रहेको छ । ऋषेश्वर महादेवको दर्शन गरे मनले चिताएको कुरा पुरा हुने र छोरा मागे पाइन्छ भन्ने विश्वास छ ।

पहराको बीचमा महादेवले त्रिशुल घोप्दा पानी निस्किएको किम्बदन्ती छ । हिन्दुहरुको आराध्यादेव ऋषेश्वर महादेव तथा वौद्ध समुदायको आस्थावान गुरु रिम्पोक्षेले तपस्या गरेको स्थान पनि यही हो । यहाँ हिन्दु र वौद्ध दुबै समुदायका भक्तजन सहभागी हुने गरेका छन् । एकादशीको अवसरमा २६ कार्तिक साँझबाटै ऋषेश्वर परिसरमा भक्तजनहरु जाग्राम बसेका थिए ।

# ट्यांकरको टायर पड्किएर ग्यारेज सञ्चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ हेटौंडा उपमहानगरपालिकामा पेट्रोलियमपदार्थ ढुवानी गर्ने ट्यांकरको टायर पड्किएर एक जनाको मृत्यु भएको छ । मंगलबार मध्यरातमा मधेश प्रदेश ०३-००२ ख ०३०० नम्बरको पेट्रोलियमपदार्थ बोकेको टयांकरको टायरबाट हावा गएको थियो ।

टायर खोलेर मर्मतपछि हावा भर्ने क्रममा टायर विस्फोट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङस्थित ग्यारेज सञ्चालक भारत घर भएका ३४ वर्षीय मोहम्मद ऐजाजको मृत्यु भएको प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

टायर विस्फोटपछि गम्भीर घाइते भएका मोहम्मदको उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीका अनुसार उनको टाउको र शरीरको बायाँतर्फ गम्भीर चोट लागेर घाइते भएपछि उपचारका लागि चितवनको नयाँ मेडिकल कलेज लगिएको थियो । मेडिकल कलेजका चिकित्सकले मंगलबार राति नै मृतघोषणा गरेको डिएसपी अर्यालले बताए ।

घटनामा ग्यारेजमा कार्यरत पर्साको धोबिनी गाउँपालिका-२ का १८ वर्षीय जाबिर हवारी, मधेश प्रदेश ०३-००२ ख ०३०० नम्बरको ट्यांकर चालक हेटौंडा-११ नवलपुरका ३९ वर्षीय देवान लामा, अर्का ट्यांकर चालक धादिङको धुनिबेशी नगरपालिका-२ भञ्ज्याङ पोखरीका २३ वर्षीय उत्तम बस्नेत, हेटौंडा-११ नवपलुरका ४७ वर्षीय मोहनलाल दुलाल र धादिङको थाक्रे गाउँपालिका वडा नम्बर ८ का लक्ष्मण थापा घाइते भएको प्रहरीले जनाएको छ ।

घाइते चारजना हेटौंडामा सामान्य उपचारपछि डिस्चार्ज भएका छन् । मधेश प्रदेश ०३-००२ख ०३०० नम्बरको ट्यांकर चालक देवान लामाको स्वास्थ्य अवस्था मध्यम रहेको डिएसपी अर्यालले जानकारी दिए । उनको हेटौंडा-११, स्थित चुरेहिल अस्पतालमा उपचार भइरहेको छ ।

# पदमपोखरी र मनहरी-५ क्वाटरफाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मनहरी गाउँपालिका-६ मसिने गोलघर खेलमैदानमा जारी दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा पदमपोखरी युनाइटेड र मनहरी-५ नम्बर वडा क्वाटर फाइनल प्रवेश गरेका छन् ।




मंगलबार भएको पहिलो खेलमा पदमपोखरीले राप्तीरिभर युथ क्लवलाई टाइब्रेकरमा ५-३ गोलले हराएको छ । निर्धारित समय गोलर हित बराबरी भएपछि टाइब्रेकरमार्फत् विजेताको छिनोफानो गरिएको हो । पदमपोखरीका मैसाङ वाइबा, सुशिल गोले, बिमल लामा, प्रजेश मोक्तान र निर्मल घिसिङको प्रहार गोलमा परिणत हुँदा राप्तिरिभरका रमेश थिङ, उज्वल तिमल्सिना र सौरभ गोलेले मात्र गोल गरे ।

विवेक मगरको प्रहारलाई भने पदमपोखरीका गोलरक्षक रोजक थिङले बचाएका थिए । गोलरक्षक थिङ नै खेलको म्यान अफ द म्याच घोषित भए । दोस्रो खेलमा मनहरी-५ ले ऋषेश्वरी युवा क्लव मनहरी-४ लाई पराजित गरेको छ । निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथमार्फत् विजेताको टुंगो लगाइएको थियो । दुवै टिमले १०-१० प्रहार गर्दा मनहरी-५ ले ८ र ऋषेश्वरीले ७ गोल गोल गरेको थियो । २ वटा प्रहार बचाएका मनहरी-५ का गोलरक्षक अमित स्याङ्तान खेलको म्यान अफ द म्याच भए । जारी प्रतियोगितामा बुधबारबाट क्वाटरफाइनल चरणको खेल हुनेछ ।

चैनपुर जेसीज मनहरीको आयोजनामा भएको प्रतियोगिता ३ मंसिरसम्म हुनेछ । प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार पाँचसय तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । मकवानपुर गाउँपालिकाको ४ नम्बर वडाको मुख्य प्रायोजन तथा मनहरी गाउँपालिकाको सहयोगमा प्रतियोगिता सञ्चालन भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कसका लागि मन्त्रालय फुटाउने ?

नेपाली समाजमा उउटा उखान छ 'जुन जोगी आएपनि कानै चिरिएका' । बागमती प्रदेश सरकारले मन्त्री भागबण्डा मिलाउन मन्त्रालय फुटाउने तयारी गरेको छ । मन्त्रालय फटाएर जनताले राहत पाउनेवाला छैन । बरु नेताले कमाइखाने ठाउँ मात्र बन्ने हो । धेरै मन्त्रालय भएकै कारण मुलुकले चालुखर्च धान्नै नसक्ने अवस्थामा पुगेको छ । बागमती प्रदेश सरकार गठन भएको साढे तीन महिनापछि मुख्यमन्त्री बहादुरसिंह लामाले मन्त्रालय विभाजनको तयारी गरेका छन् । ९ साउनमा मुख्यमन्त्री लामासँगै नियुक्ति र सपथ लिएका विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठलाई जिम्मेवारी दिन मन्त्रालय फुटाउने तयारी गरिएको हो । ८ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले त्यसको भोलिपल्ट नेकपा एमालेबाट ६ जनालाई मन्त्रालय जिम्मेवारीसहित र कांग्रेसका श्रेष्ठसहित ३ जनालाई विनाविभागीय मन्त्री नियुक्त गरेका थिए । बागमतीमा हाल १३ मन्त्रालय १४ जना मन्त्री छन् । अब १४ वटा मन्त्रालय पुग्ने भएको छ । कांग्रेसबाट मुख्यमन्त्रीसहित ८ र एमालेका ६ जना मन्त्री छन् ।

हाल बागमतीमा मुख्यमन्त्री कार्यालयसहित आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी, उर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम, रोजगार तथा यातायात, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन, संस्कृति, पर्यटन तथा सहकारी, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन् । कांग्रेसबाट श्रेष्ठसँगै नियुक्त भएका कुन्दनराज काफ्ले आर्थिक मामिला तथा योजनामन्त्री र श्याम खड्का खानेपानी, उर्जा तथा सिचाईंमन्त्री भए । श्रेष्ठ भने विगत साढे तीन महिनादेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एउटा कोठामा बस्दै आएका छन् । श्रेष्ठलाई आगामी मन्त्रिपरिषद् बैठकबाट मन्त्रालय जिम्मेवारी दिने सम्बन्धमा निर्णय हुने सरकारका प्रवक्ताले जानकारी दिएका छन् । मुख्यमन्त्री लामा निकट स्रोतकाअनुसार कांग्रेसका बिमल ठकुरीले नेतृत्व गरि रहेको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय फुटाइने भएको छ । सहकारीमा अर्को कुनै विभाग जोडेर नयाँ मन्त्रालय गठन गर्ने तयारीका सम्बन्धमा सत्तासाझेदार दल कांग्रेस र एमालेबीच सहमति भइसकेको स्रोतले जानकारी दिएको छ । पर्यटनलाई फुटाएर सहकारी मन्त्रालय बनाउन लागिएको हो । सहकारीमा अर्को कुनै विभाग जोड्ने कुरा भइरहेको छ । सहकारीमा स्थानीय विकास जोड्ने की ? भन्ने विषयमा छलफल भइरहेको हो । यही हप्ताभित्र मन्त्रालय विभाजन भएर श्रेष्ठले जिम्मेवारी पाउनेछन् । कांग्रेसले भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर सहरी विकास मन्त्रालय गठन गर्नुपर्ने प्रस्ताव एमालेले अस्वीकार गरेपछि पर्यटनलाई विभाजन गर्ने निचोडमा मुख्यमन्त्री लामा पुगेका हुन् । भौतिक मन्त्रालयमा एमालेबाट अमनकुमार मास्के मन्त्री छन् । भौतिक फुटाउन एमालेले नमानेको बताइएको छ । कांग्रेसले धेरै मन्त्री नियुक्त गर्दा मन्त्रालय फुटाउनुपर्ने बाध्यता आइपरेको बताइएको छ ।

मन्त्री नियुक्त गर्दा ध्यान दिइएन । गत साउनमा सरकार गठनका बेला कांग्रेस र एमालेबीच मुख्यमन्त्रीसहित ७ कांग्रेसलाई र ६ एमालेलाई मन्त्रालय भागबण्डा लागेको थियो । लामाले पार्टीभित्रको आन्तरिक संघर्षका कारण थप एकजना मन्त्री नियुक्त गरेका थिए । कांग्रेसभित्रको आन्तरिक द्वन्द्वले आर्थिक मामिलामन्त्री नियुक्त भइसकेका प्रभात तामाङलाई सपथ अगाडि नै हटाएर अर्कालाई सोही मन्त्रालय दिनुपर्ने अवस्थासम्म लामा पुगेका थिए । बागमतीमा प्रदेशको अघिल्लो कार्यकालबाटै मन्त्रालय फुटाउने क्रम चलिरहेको छ । भदौ ०७८ मा मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विमास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाउँदै मन्त्रालय संख्या ८ वटा बनाएकी थिइन् । शाक्य दुई महिनामै सत्ताच्यूत भएपछि ११ कात्तिक ०७८ मा मुख्यमन्त्री बनेका नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डेले गठबन्धन सरकारमा भागबण्डा पुऱ्याउन १४ वटा मन्त्रालय बनाए । पाण्डेको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए । प्रदेशको दोस्रो कार्यकालका पहिलो अर्थात निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंसिर ०७९ मा १४ वटा ११ वटामा झारेका थिए । तीन पटकसम्म सरकार परिवर्तन गरेका जम्कट्टेलले सत्ता टिकाउनकै लागि ११ बाट फेरि १३ वटा मन्त्रालय पुऱ्याए । बागमती प्रदेशमा ७ वटा भन्दा धेरै मन्त्रालय नै आवश्यक नरहेको प्रशासन क्षेत्रका जानकारहरु बताउँछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २९ गते बिहीबार १४ नोभेम्बर २०२४ । त्रयोदशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ५:१० । विश्व मधुमेह दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : दिन राम्रोसँग बित्नेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# संविधान संशोधन : संवैधानिक व्यवधान मात्र अवलोकन गरौं



✍ सागर पण्डित

हाल नेपालमा संविधानको पुनरावलोकन र सुधारको आवश्यकता माथि व्यापक छलफल भइरहेको छ । संघीयता, समानुपातिक प्रतिनिधित्व, सामाजिक समावेशिता र राजनीतिक स्थिरता जस्ता महत्वपूर्ण विषयहरूमा संवैधानिक संशोधनका लागि बहस तीव्र भएको छ । संविधान कार्यान्वयनको दश वर्षपछि, विभिन्न क्षेत्रका नागरिक र राजनीतिक शक्तिहरूले यसमा भएका कमजोरी र चुनौतीको सन्दर्भमा आ-आफ्नो राजनैतिक र व्यक्तिगत दृष्टिकोणहरू पनि प्रस्तुत गर्न थालेका छन् । यसै सन्दर्भमा यो लेख पनि नेपालको संविधान सुधारका चुनौती र समाधानको खोजीमा केन्द्रित छ ।

नेपालको संविधान नेपालको राजनैतिक विकासको लगभग सात दशकसम्म निरन्तर संघर्षको उपज हो । यो संविधानसभाको गठन, विघटन हुँदै सार्वभौम नागरिकको मतबाट गठन भएको संविधानसभाको निर्णयद्वारा पारित भएको संविधान हो । यसको गहनता पूर्व निर्मित संविधानहरू भन्दा धेरै गह्रुंगो र गहकिलो छ । सजिलै कसैको व्यक्तिगत आकांक्षा पूरा गर्न वा राजनैतिक स्वार्थ वा कुनै प्रकारको वैदेशिक स्वार्थ र दबाबमा यो संविधान संशोधन गर्नु राष्ट्रघात हुन सक्छ ।

यसो भन्दैमा कतैबाट संवैधानिक सर्वोच्चतामा प्रहार हुन लाग्यो, यसको आधारभूत सैद्धान्तिक निष्ठालाई खलबल्याइयो, सामाजिक सद्भावको सट्टा साम्प्रदायिक विभेदलाई प्रश्रय दिइयो या राष्ट्रघाती कुनै पनि क्रियाकलाप उपर बन्देज वा निषेध गर्नको लागि संवैधानिक सुधारका बाटाहरू पनि खुल्ला नै राखिएका छन् ।

संविधानमा निर्धारित विधिबाट संविधानको पुनरावलोकन, समीक्षा र संशोधन हुनसक्ने प्रावधान छँदैछ । यस्ता सुधारहरूले नेपालको संविधानलाई अझ सुदृढ, समावेशी र समयसापेक्ष बनाउन मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । संविधान संशोधन सम्बन्धी उत्पन्न फरक विचारधाराहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

**क. अनुदार र पुरातनवादी शक्ति**

अनुदार तथा पुरातनवादी शक्तिहरू गणतन्त्रात्मक स्वरूपको बिल्कुलै विपक्षमा उभिएका छन् । राष्ट्रियता र धर्मको आडमा राजसत्ताको पुनरागमनको अपेक्षा गर्दै आएका छन् । उनीहरूले आफ्नो प्रभाव कायम राख्नका लागि सर्वसाधारणलाई विभिन्न कार्यक्रम सञ्चालन गर्दै धार्मिक राज्य स्थापना गर्ने वहानामा जनमत तयार गर्ने प्रयास गर्दै आएका छन् ।

उनीहरूको उद्देश्य धार्मिक दृष्टिले नेपाल विश्वमा एक मात्र हिन्दू राष्ट्र हुनुपर्छ भन्ने छ । यो समूह एकीकृत शक्ति सञ्चयको लागि एकात्मक शासन व्यवस्था चलाउने विचार राख्छन् र नेपालमा संविधानद्वारा प्रदत्त संघीय र समावेशी शासन व्यवस्थाको विरोधमा छन् ।

**ख. उदार र प्रगतिगामी शक्ति**

सदियौंदेखि शोषण र दमनमा परेका जातिगत, भाषागत, क्षेत्रगत र लैङ्गिक समुदायहरूले वर्तमान संविधानद्वारा प्रदत्त मौलिक हकका अधिकारहरूको प्रभावकारी कार्यान्वयन नभएको कारण संविधान संशोधन वा सुधारको आवश्यकता महसुस गरेका छन् भन्ने बुझाइ उदार तथा प्रगतिगामी शक्तिहरूको रहेको छ । उनीहरूका अनुसार, एकात्मक शासन प्रणालीको सट्टा संघात्मक स्वरूपमा परिवर्तन त भएको छ तर यसको सही कार्यान्वयनमा अपेक्षाकृत प्रभावकारिता आएको छैन ।

उनीहरूले जातिगत, भाषागत र सांस्कृतिक पहिचानका सवालहरूलाई दबाइँदै गएको महसुस गरेका छन् । साथै, विकास नीति र सेवा प्रदायक संस्थाहरूमा भ्रष्टाचारको प्रभुत्व रहेको, प्रभावकारितामा कमी आएको र जनताप्रतिको जवाफदेही कमजोर रहेको निष्कर्षमा उनीहरू पुगेका छन् । केन्द्र, प्रदेश र स्थानीय तहका अधिकारहरूको विभाजनमा पनि व्यावहारिक प्रभावकारिता ल्याउन सकिएको छैन भन्ने उनीहरूको बुझाइ रहेको छ ।

**ग. निर्वाचन पद्धति र प्रणालीसँग सम्बन्धित पक्ष**

(१) संविधान संशोधनको वर्तमान सन्दर्भ मूलत: निर्वाचन पद्धति र प्रणालीसँग सम्बद्ध देखिन्छ । अहिलेको हाम्रो निर्वाचन पद्धति र प्रणालीकै कारण जनउत्तरदायी सरकारको गठनमा अन्योल हुँदै आएको छ । दल-बदलको अवस्था भइरह्यो । गठबन्धनको राजनीतिले जनताको सार्वभौम मताधिकार र स्वतन्त्रता हस्तक्षेप हुन थाल्यो । सरकारको अस्थिरताको कारणले नै प्रजातन्त्र, संसदीय प्रणाली, बहुदलीय व्यवस्था आदि प्रति वितृष्णा मौलाउन थाल्यो, जनआधार नभएका राजनैतिक दलहरू मौलाउन थाले ।

(२) राजनीतिक दलहरूको सङ्गठनात्मक आधार, नेतृत्व परिवर्तन, दलको दर्ता प्रणाली र दलको आर्थिक संकलन तथा वितरण पारदर्शी भएन ।

(३) समानुपातिक निर्वाचन पद्धति र समावेशिताको अत्यधिक दुरुपयोग भयो र यस विषयमा विस्तृत अध्ययन, अनुशीलन र सर्वेक्षण गर्नुपर्ने देखियो । दलको राष्ट्रिय मान्यताको लागि राखिएको न्यूनतम संख्या (थ्रेसहोल्ड) को सम्बन्धमा पनि अत्यधिक विवाद देखिएको छ । यस सम्बन्धमा विभिन्न देशहरूको प्रचलनलाई भरपुर अध्ययन गर्न आवश्यक छ ।

(४) नयाँ पार्टी खोल्ने, पार्टी फुटाउने र दलबदलका सम्बन्धमा पनि दलगत र व्यक्तिगत स्वार्थ सर्वोपरि हुन थालेकोले यस सम्बन्धमा पनि निश्चित निरुपण गर्न आवश्यक छ ।

(५) संघात्मक स्वरूप, सरकार गठन, विधायिका आदि व्यवस्था बारे पनि अध्ययन र विश्लेषण गरी चुस्त, दुरुस्त, उपयोगी र प्रभावकारी बनाउनु आवश्यक छ ।

(६) नेपालको संघीय निर्वाचन क्षेत्र, प्रादेशिक निर्वाचन क्षेत्र र स्थानीय तहहरूको संरचनाको सम्बन्धमा पनि भौगोलिक, जनसांख्यिक र आर्थिक आधारलाई वर्तमान राष्ट्रिय जनगणनाको प्रतिवेदनको आधारमा प्रभावकारी प्रतिनिधित्व हुने गरी पुनरावलोकन गरिनु आवश्यक छ ।

(७) स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचन पद्धति नै राजनैतिक विवादको निरुपणको माध्यम भएकोले यसको संस्थागत संरचना, काम, कर्तव्य र अधिकारलाई बलियो संवैधानिक संरक्षण प्रदान गर्नु आवश्यक छ ।

**घ. अन्य केही आधारभूत पक्ष**

(१) संविधान देशको मूल कानुन हो । यसले मुलुकको राजनैतिक, सामाजिक र भौगोलिक परिवेशलाई दृष्टिगत गरी शासन सञ्चालन गरिनुपर्नेमा सरकारको गठन, विघटन र अस्थिरताको कारणले यसमा प्रभावकारिता देखिएन । जनप्रतिनिधिहरू निस्तेज भए ।

(२) अधिकार पृथकीकरणको व्यवस्था पनि प्रभावकारी भएन । सरकार सञ्चालन, विघटन र गठन जस्ता नागरिक प्रभुत्वको विधि स्थापित भइसके पनि जनताप्रति अनुत्तरदायी संस्थाहरूको प्रकोप बढ्न थाल्यो ।

वर्तमान संविधानमा शक्ति सन्तुलनको लागि निकायगत स्पष्ट व्यवस्था गरिए तापनि अधिकार पृथकीकरणको संस्थागत संरचनाहरू बीच परस्पर हस्तक्षेपको उदाहरण देखिएकोले जनतामा शंका र अन्योलको अवस्था उत्पन्न भएको पाइन्छ । यसमा दह्रो छेकबार नभए प्रजातान्त्रिक व्यवस्था र विधिको शासन स्थापनामा प्रत्युत्पादक हुनेछ ।

(३) संविधानले नागरिक स्वतन्त्रताका कुराहरूलाई उत्कर्षमा पुऱ्याउँदा नागरिक कर्तव्यलाई बिर्सने गरेको छ । यसमा पनि आजको वैज्ञानिक प्रविधि विकासले व्यक्तिगत स्वतन्त्रता र सामाजिक उत्तरदायित्वको सीमारेखा पार गरेको पाइन्छ । यस सम्बन्धमा पनि संविधानले सजगता अपनाउनुपर्ने देखिन्छ ।

समग्रमा, यी सबै कुराहरूलाई विचार गर्दा कतिपय पक्षबाट राष्ट्रपतीय प्रणालीको सरकार वा संसदीय प्रणालीभित्रै प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने कुराहरू पनि अगाडि सारेका छन् । यस्ता संवैधानिक व्यवस्थाभन्दा फरक मतहरूले नेपालमा संवैधानिक संकटलाई अझै दशौं वर्ष लम्ब्याउन सक्छन् । अत: अत्यन्त आवश्यक ठानिएका संवैधानिक व्यवधानहरूमा मात्र अवलोकन गर्ने र संविधान संशोधनको प्रस्तावना तयार गर्नु सर्वोचित हुनेछ ।

**कसरी गर्ने ?**

(१) संविधानको दश वर्षको कार्यान्वयनलाई विस्तृत सिंहावलोकन, समालोचना र समीक्षात्मक अध्ययन तथा मूल्यांकन गर्ने गरी कम्तीमा ६ महिनाको म्याद दिएर स्वतन्त्र प्राज्ञिक समुदायको टोली बनाउने र उनीहरूले सकेसम्म सर्वसाधारण जनता, स्थानीय निकाय, पेशागत र गैरसरकारी संघ-संस्था र सञ्चारमाध्यमहरूसँग रायसल्लाह गरी प्रतिवेदन तयार गर्ने ।

(२) यसरी संकलन गरिएको दस्तावेज स्थानीय प्रदेश, सरकार र विधायिकाहरू समक्ष पनि छलफलमा ल्याउने । त्यसपछि उक्त प्रतिवेदनलाई केन्द्रीय सरकार र विधायिका समक्ष पेश गर्ने ।

(३) विभिन्न राजनैतिक दल उपस्थित समितिहरूमा उक्त दस्तावेज उपर पुन: छलफल गरेर मात्र संशोधनको दस्तावेज तयार गरी संसद्मा प्रस्तुत गर्ने ।

(४) अनावश्यक विषयवस्तुहरू प्रवेश गराउने, राजनीतिलाई धमिल्याई स्वार्थसिद्ध गर्ने अनि वैदेशिक सहभागिता र हस्तक्षेपको वातावरण मिलाउने कुरालाई बिल्कुलै निषेध गरिनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# ब्रिकसप्रति नेपाली कूटनीतिक स्पष्टताको खाँचो

✍ बद्री तिवारी

रुसको कजानमा गत अक्टोबर २२-२४ मा आयोजित ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालगायत राष्ट्र सदस्य रहेको ब्रिक्सको १६औं सम्मेलनले आपसी सहयोग र न्यायसंगत विकासलाई निरन्तरता दिने अठोट गरेसँगै यस संस्थाको भविष्यका बारेमा बहस मात्र शुरु भएको छैन, सदस्य र समर्थकहरु पनि बढ्दै गएका छन् । शुरुमा ब्राजिल, रुस, भारत र चीनको प्रयासमा स्थापना भएको ब्रिक (बीआरआईसी)मा सन् २०१० मा दक्षिण अफ्रिका (एस्)ले प्रवेश पाएपछि ब्रिक्स भएको थियो भने अहिले इरान, इजिप्ट, इथियोपिया र युएई सदस्यका रुपमा थपिएका छन् ।

यो संगठन स्थापनाको १६ वर्षको दौरानमा भरोसा गर्न सकिने अवस्थामा पुगेको छ भने पश्चिमी प्रभुत्वका अगाडि डटेर न्यायसंगत विकास र आर्थिक साझेदारीको पैरवी पनि गर्न प्रयासरत छ । अल्जेरिया, बेलारुस, बोलिभिया, क्युबा, इन्डोनेसिया, काजकस्तान, मलेसिया, नाइजेरिया, थाइल्यान्ड, टर्की, युगान्डा, उज्वेकिस्तान र भियतनामजस्ता मुलुकहरुको साझेदारी पनि गाँसिएको छ ब्रिक्ससँग । ब्रिक्सको १६ औं शिखर सम्मेलनमा साउदी अरब आमन्त्रित सदस्यका रुपमा थियो भने संयुक्त राष्ट्र संघका महासचिव एन्टेनियो गुटेरेसलगायत विभिन्न विश्व संस्थाका विशिष्ट पदाधिकारीहरुको उपस्थितिले यसको उचाइ थपियो ।

'न्यायसंगत विश्व विकास र सुरक्षाका लागि बहुपक्षीयताको सुदृढीकरण' मूल उद्देश्यका साथ सम्पन्न कजान शिखर सम्मेलनले अब पश्चिमा मुलुकहरुको प्रभुत्वबाट मुक्त हुने, स्वतन्त्र र सन्तुलित रुपमा अघि बढ्ने अठोटलाई कायम राख्दै अन्तर्राष्ट्रिय कानुन/मान्यताहरुलाई सम्मान गर्ने प्रतिबद्धता पनि दोहोऱ्याएको छ । त्यसो त कजान घोषणापत्रले बहुपक्षीयता सुदृढीकरण, वैश्विक र क्षेत्रीय सुरक्षा, वित्तीय/आर्थिक सहयोग र मानवीय सहयोग आदानप्रदानलाई विशेष जोड दिएको छ । त्यस्तै आपसी समझदारी, सम्मान, सार्वभौमिकता, एकता, प्रजातन्त्र, खुल्लापन, समावेशीकरण, सहमति र साझेदारीलाई पनि घोषणापत्रमा छुटाएको छैन ।

पश्चिमा मुलुकहरु खासगरी उत्तर अमेरिकी र युरोपेली राष्ट्रहरुको प्रभुत्वलाई सहन नगर्ने र स्वतन्त्ररुपमा विश्वस्तरका संघसंस्थाहरुलाई सुदृढ बनाउँदै तिनीहरुमा पनि समानुपातिक प्रतिनिधित्व हुनुपर्नेसम्मका विषयहरु सम्मेलनमा उठ्नुले अब ब्रिक्स वास्तवमै एउटा सशक्त अभियानका रुपमा अघि बढ्ने अनुमान लगाउँदा फरक नपर्ला । विश्वभर अमेरिकी डलरको प्रभुत्व रहेको र अन्तर्राष्ट्रिय व्यापार तथा विभिन्न कारोबारका लागि पनि डलर नै आवश्यक पर्ने बाध्यताका कारण विकासोन्मुख मुलुकहरु पछि पर्नुपरेको वास्तविकतालाई महसुस गर्दै ब्रिक्स सदस्यहरुले आयात निर्यातमा आ-आफ्नै मुद्राबाट कारोबार गर्नेसम्मका सहमति गर्नुले सदस्य मुलुकहरु स्वतन्त्ररुपमा आफ्नो अस्तित्व जोगाएर समृद्धिको यात्रा गर्न चाहन्छन् भन्ने सन्देश पनि सम्मेलनले दिएको छ ।

केही समयअघि युएस् फेडरल रिजर्भले प्रकाशित गरेको एक तथ्यांकअनुसार अमेरिकी डलर ८८ प्रतिशत विनिमय र ५९ प्रतिशत विश्वका विभन्न देशका केन्द्रीय बैंकहरुले रिजर्भ राखेका छन् । त्यस्तै सन् १९९९ देखि सन् २०१९ सम्म अन्तर्राष्ट्रिय व्यापारको ९६ प्रतिशत, एसिया प्रशान्त क्षेत्रमा ७४ प्रतिशत र बाँकी विश्वजगतमा ७९ प्रतिशत कारोबार अमेरिकी डलरले नै ओगटेको तथ्यांक सार्वजनिक भएको छ । यस्तो अवस्थामा ल्याइएको ब्रिक्स युनिटको अवधारणा वास्तवमै डलर र युरोका लागि कडा चुनौतीका रुपमा खडा हुने सम्भावनालाई नकार्न सकिँदैन । चीन, रुस, दक्षिण अफ्रिकालगायत देशले विश्व बजारमा प्रभुत्व जमाइरहेको डलरको विकल्पमा 'ब्रिक्स युनिट'लाई प्रयोगमा ल्याउने र आयात निर्यात व्यापार पनि ब्रिक्स युनिटका साथै स्थानीय मुद्रामा गर्ने योजना बनाउनुलाई अन्यथा भनिहाल्न मिल्दैन, किनकि सहजता, मितव्ययिता, उपलब्धताका लागि देशहरुले सम्भव भएसम्मको वैकल्पिक व्यवस्थामा संयुक्त पहल गर्नुलाई विकसित मुलुकहरुले पनि उदारताका साथ स्वागत गर्न सकेमा आपसी सौहार्दता वृद्धि हुने विश्वास गर्न सकिन्छ । यद्यपि यसको कार्यान्वयन पक्ष नहेरी धेरै आशावादी भइहाल्न मिल्ने अवस्था पनि छैन ।

निश्चय नै अमेरिकालगायत केही शक्ति राष्ट्रहरुको व्यवहारबाट विश्वका अधिकांश मुलुकहरु खुशी छैनन्, त्यही वास्तविकतालाई मध्यनजर गर्दै विश्व विकासलाई सन्तुलित र न्यायसंगत हिसाबले अगाडि बढाउनुपर्दछ भन्ने सोचलाई अन्यथा मान्नुहुँदैन । बरु यसलाई सकारात्मकरुपमा ग्रहण गर्दै २१ औं शताब्दीको विश्व व्यवस्था कुनै एक वा दुई मुलुकको इशारामा मात्र चल्छ भन्ने सोचेर आफ्नै प्रभुत्व जमाइराख्नुपर्दछ भन्ने सोच पालिराख्नु आफ्नै लागि प्रत्युत्पादक बन्न सक्दछ भन्ने विचार पुऱ्याउनु आवश्यक छ ।

विकसित मुलुकहरुको दबदबालाई चुनौती दिँदै सहकार्य, साझेदारी र न्यायोचित व्यवहारको अपेक्षासाथ शुरु भएको ब्रिक्सको मान्यता, आपसी विश्वास र सहमतिका साथ त्यत्तिकै मात्रामा प्रदर्शित भएको देख्न सकिन्छ । ब्रिक्सका सदस्य राष्ट्रहरुको आवश्यकतानुसारका पूर्वाधार विकासका लागि ऋण र प्राविधिक सहयोग उपलब्ध गराउनका लागि स्थापित ब्रिक्स बैंक हाल न्यू डेभलपमेन्ट बैंक (एन्डीबी) को भूमिकाप्रति सदस्य राष्ट्रले सम्मान गर्ने प्रतिबद्धता दोहरिनुलाई थप ऊर्जा र उपलब्धिका रुपमा व्याख्या गरिएको छ । शुरुमा चीनको सांघाईमा स्थापित एन्डीबीका हाल सदस्य राष्ट्रहरुमा पनि क्षेत्रीय कार्यालयहरु खोलिएका छन् । यिनीहरुको व्यवस्थापनको जिम्मेवारी सबै देशका अध्यक्ष, उपाध्यक्ष र निर्देशकहरुले पालैपालो बहन गर्ने पद्धतिको विकास भएको छ ।

यसपटक आश्चर्यलाग्दो पक्ष के रह्यो भने, युक्रेनसँगको युद्धमा होमिएका कारण रसिया एक्लिन्छ र ब्रिक्सको भविष्य पनि अन्योलग्रस्त हुने पश्चिमी अनुमान असफल भएको छ, अझ ब्रिक्सप्रतिको विश्वास र समर्थनमा वृद्धि भएको छ । त्यसो त ब्रिक्सको १६ औं सम्मेलन आयोजक राष्ट्र नै रसिया भएकोले उसकै भूमिमा ऊविरुद्ध कसैले पनि प्रश्न राख्न नसके पनि शान्तिका लागि मिल्नुपर्ने धारणा सहभागीहरुले व्यक्त गरे । तर, ब्रिक्सलाई नितान्त भिन्न प्रकृतिको संस्थाका रुपमा अगाडि बढाउँदै लग्ने प्रतिबद्धताअनुरुप नै सदस्य राष्ट्रहरु सहमत भएका हुन् भन्न हिच्किचाउनुपर्दैन । यसको अर्थ यस क्षेत्रमा हुने युद्ध रोकेर शान्ति स्थापना गर्ने जिम्मेवारी पनि यस संस्थाकै हो भन्ने कुरामा ब्रिक्सका सदस्य राष्ट्रहरु सचेत हुनुपर्दछ । आपसी हित र सहअस्तित्वका बारेमा कुरा गरेर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्न सकेमा बाँकी विश्व जगत्ले ब्रिक्सलाई हेर्ने दृष्टिकोण स्पष्ट हुनेछ, विश्वास बढ्नेछ ।

सामाजिक-आर्थिक, भू-राजनीतिक र विकासका आधारमा समूहबद्ध गरिएका ग्लोबल साउथ (अफ्रिका, ल्याटिन अमेरिका, क्यारेबियन, एसिया र ओसियानियालगायत विकासशील मुलुकहरु/तेस्रो विश्व) ले ग्लोबल नर्थ (अमेरिका, युरोप, इजरायल, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, न्युजिल्यान्डलगायत विकसित मुलुकहरु) लाई दबाबका लागि पनि यो संस्था निकै प्रभावशाली बनेको छ । ब्रिक्सले खासगरी एकतर्फी जबर्जस्ती नीति लाद्ने, आर्थिक प्रतिबन्ध लगाउने प्रवृत्तिलाई पूर्णरुपमा अस्वीकार गर्दै आएको छ । सोही क्रममा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्था र प्रणालीमा सुधारको आह्वान पनि गरेकोले अमेरिकालगायत पश्चिमी विश्वलाई ब्रिक्स चुनौतीका रुपमा देखिएको हो । अझ आगामी सन् २०२५ मा ब्राजिलमा आयोजना गरिने १७ औं ब्रिक्स सम्मेलनमा थप आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षसँग जोडिएका विविध सवालहरु उठाइने घोषणाले ब्रिक्सका गतिविधिप्रति बाँकी विश्वको चासो बढेको हो, नेपाल पनि यसबाट अछूतो रहन सक्दैन । हुन पनि विश्वको झन्डै आधा जनसंख्या बसोबास गर्ने ब्रिक्स सदस्य राष्ट्रहरुको आन्तरिक तथा बाह्र्य व्यापार र आर्थिक कारोबारको महत्वपूर्ण हिस्साका कारण पनि अबको अवस्था अमेरिकी सोचको विश्व व्यवस्थाका लागि सहज देखिँदैन ।

अब प्रश्न खडा भएको छ- के नेपाल आफ्ना दुई विशाल छिमेकी भारत र चीन संलग्न रहेको संस्था ब्रिक्स, त्यसमाथि यसले प्रत्यक्ष/परोक्षरुपमा नेपाललाई पार्ने प्रभाव र नेपालले लिन सक्ने फाइदा अनि त्यसका लागि चाल्नुपर्ने कदमका बारेमा सोच्नुपर्ने बेला आएको होइन र ? नेपालको कूटनीतिक क्षेत्र र यसका जानकारहरुले सरकारलाई यसको पर्याप्त विश्लेषणका साथ गृहकार्य गर्न सुझाव दिनुपर्ने होइन ?

दुवै छिमेकी मुलुकहरुसँगको असल सम्बन्धबाट आफ्नो देशको लागि उपयुक्त कूटनीतिक प्रयासका लागि पहल गर्नुपर्ने होइन ? यस अवस्थामा नेपालको दृष्टिकोण स्पष्टरुपमा राखेर ब्रिक्ससँग मिलेर मुलुकको फाइदाका लागि कस्तो खालको सहभागिता जनाउने भन्ने सवालमा छलफल गर्न वा आवश्यक पहलकदमीका लागि यहाँका जानकार एवम् अनुभवी कूटनीतिज्ञहरु, पूर्वराजदूतहरु, अन्तर्राष्ट्रिय सम्बन्धका ज्ञाताहरुलाई एकै मञ्चमा भेला गराएर वैदेशिक नीतिले दिनेसम्मको कार्यनीति, असंलग्न परराष्ट्र नीतिको पालनाका साथ बहुपक्षीय तथा अन्तर्राष्ट्रिय संलग्नता र सहभागिताका लागि आवश्यक कूटनीतिक अभ्यास शुरु गर्न अब पनि ढिलो गर्ने हो भने मुलुकको हित त परै जाओस् अरुबाट एक्लिएपछि थप संकटमा पर्न कत्तिबेर पनि लाग्दैन । त्यसकारण मुलुकको आर्थिक अवस्थालाई सुदृढ पार्न, छिमेकी तथा ब्रिक्सजस्ता विश्व संस्थाहरुसँग साझेदारी गर्न र बढ्दो व्यापारघाटालाई कम गर्दै लगनका लागि तत्काल उपयुक्त नीति अवलम्बन गर्नुपर्दछ । त्यसैले चीन होस् वा भारत, अन्य विकसित मुलुकसँगको सम्बन्धलाई राष्ट्रिय हितमा प्रयोग गर्न सक्ने वातावरणका लागि सरकारले नै तत्काल पहल गर्नु आवश्यक भइसकेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आफ्नै सांसद हटाउन सीके राउतको मरिहत्ते




काठमाडौं/जनमत पार्टीले सांसद गोमालाभ सापकोटालाई हटाउने चौथो प्रयास गरेको छ । सापकोटालाई हटाउन आठ महिनासम्म गरेको प्रयास असफल भएपछि अध्यक्ष सीके राउत सोमबार आफैं चौथो पत्र लिएर सभामुख देवराज घिमिरे कहाँ पुगेका थिए ।

कानुन व्यावसायीहरु समेत लिएर सिंहदरबार पुगेका उनले पार्टीले सांसद सापकोटालाई कार बाही गरेकाले त्यसअनुसार सूचना टाँस हुनुपर्ने माग गरे । साथै यसअघि नै नहटाएको विषयमा गम्भीर आरोपसमेत लगाएपछि सभामुख घिमिरे र जनमतका अध्यक्ष राउत बीच नोकभोक समेत भएको थियो । सांसद सापकोटालाई हटाउनेसम्बन्धी जनमतको पत्र मंगलबार मात्रै संसद सचिवालयमा दर्ता भएको छ ।

**पहिलो पत्र : संसदीय दलको होइन, पार्टीको थियो**

६ सांसद रहेको जनमत पार्टीमा अध्यक्ष सीके राउत प्रत्यक्ष निर्वाचित हुन् भने पाँच जना समानुपातिक पद्धतिबाट निर्वाचित सांसद छन् । उनीहरुमध्ये सापकोटालाई सांसद पदबाट हटाउन जनमत पार्टीले पटक पटक प्रयास गरिरहेको हो । पहिलो पटक २७ फागुन २०८० मा सापकोटालाई पार्टीले निष्कासन गरेको पत्र संसद सचिवालयमा पठाएको थियो ।

पार्टी अनुशासन उल्लंघन गरेकाले सापकोटालाई साधारण सदस्य नरहने गरी निष्कासन गर्ने निर्णय पार्टीको केन्द्रीय कार्यकारिणी समितिले गरेको पत्रमा उल्लेख थियो । त्यही निर्णयका आधारमा जनमतले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ उल्लेख गरेर संसद सचिवालयलाई पत्र पठाएको हो ।

तर संसद सचिवालयले कारबाही अगाडि बढाएन । राजनीतिक दल सम्बन्धी ऐन अनुसार कुनै पनि सांसदलाई पार्टीले गरेको कारबाहीको जानकारी सम्बन्धित संसदीय दलको कार्यालयबाट जानुपर्ने हुन्छ । तर जनमतले पार्टी कार्यालयबाट पत्र पठाएको भन्दै संसद सचिवालयले निवेदन अगाडि नबढाएको हो ।

**दोस्रो पत्र : सभामुखबाट अस्वीकृत**

त्यसपछि जनमत पार्टीले संसदीय दलको कार्यालयबाट १ चैत २०८० मा अर्को पत्र पठायो । उक्त पत्रलाई सहयोग गर्ने भन्दै जनमत पार्टीले २०८० साल चैत ७ गते पूरक निवेदन दियो । जहाँ ''सापकोटा स्वयंलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको सूचना दिइएको', उल्लेख छ ।

निवेदनमा सापकोटाले पार्टीको निर्देशन नमानेको उल्लेख छ । निर्देशन नमानेपछि स्पष्टीकरण सोध्ने, सफाइ पेश गर्ने लगायतका प्रक्रिया पूरा गरेर कारबाही गरेको दाबी गरिएको थियो । तर सभामुख घिमिरेले जनमतको कारबाही सदर गरेनन् । ८ चैत २०८० मा सभामुख घिमिरेले जनमतले सांसद सापकोटालाई गरेको कारबाही प्रक्रिया नमिलेको निर्णय गरिदिए । त्यसअनुसार सम्बन्धित दललाई संसद सचिवालयले जवाफी पत्र पठायो ।

**तेस्रो पत्र : सभामुख कहाँ नै पुगेन**

२७ भदौ २०८१ मा संसद सचिवालयमा जनमत पार्टीले अर्को पठायो, जसमा सांसद सापकोटालाई पार्टीले कारबाही गरेकाले त्यसअनुसार सूचना टाँस गरिदिन सभामुख घिमिरेलाई आग्रह गरिएको थियो । उक्त पत्र संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले औपचारिक रुपमा सभामुखकहाँ नै पुऱ्याएनन् । पुरानै विवरण राखेर निवेदन आएको र सभामुखले कारबाही गर्न नसक्ने निर्णय गरिसकेको भन्दै महासचिव पाण्डेयले थप निर्णय गर्न आवश्यक नरहेको निर्णय गरे । संसद सचिवालयले महासचिव स्तरबाटै भएको त्यही निर्णयबारे जनमतलाई जानकारी गरायो ।

**चौथो पत्र : फरक मितिका एकै विवरण**

संसद सचिवालयका अनुसार के कारणले सांसद सापकोटालाई कारबाही गरेको हो, जनमतले प्रष्ट पारेको छैन । उसले जे आधार दिएको छ, त्यसअनुसार कारबाही हुननसक्ने भनेर सभामुखले निर्णय गरिसकेका छन् । तर जनमत पार्टीले सापकोटालाई पदमुक्त गर्न माग गर्दै अर्को पत्र संसद सचिवालयमा पठाएको छ ।

कुनै पनि सांसदले ह्वीप उल्लंघन गरेको अवस्थामा सांसद पद नरहने गरी सम्बन्धित राजनीतिक दलले कारबाही गर्न सक्ने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐनमा छ । सापकोटाले ह्वीप उल्लंघन गरेको प्रमाण जनमत पार्टीले दिएको छैन ।

बरु पार्टीको केन्द्रीय कार्यकारिणी समितिले सापकोटालाई अनुशासन उल्लंघन गरेको आरोपमा कारबाही गरेको नै दोहोऱ्याएको छ । तर पत्रैपिच्छे कारबाही गरेको मिति भने फरक-फरक छ । जनमत पार्टीले संसद सचिवालयमा दर्ता गरेको तेस्रो पत्रमा २०८० साल फागुन १८ गते सापकोटालाई साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको विवरण छ ।

मंगलबार दर्ता भएको चौथो पत्रमा भने २०८० साल फागुन ३ गते सापकोटालाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको उल्लेख छ ।

**सभामुखसँग नोकभोंक, अदालत जान सुझाव**

चौथो पत्र दर्ता हुनुअघि जनमत पार्टीका अध्यक्ष डा. राउत सोमबार सभामुखको कार्यकक्षमा पुगेका थिए । त्यसक्रममा सभामुख घिमिरेसँग डा. राउतको नोकभोँक नै भयो । भेटमा संलग्न कानुन व्यवसायीका अनुसार डा. राउतले 'के कारणले पार्टीले गरेको कार बाही सदर भएन' भन्ने प्रश्न गरे । सभामुख घिमिरेले 'यसबारेमा विगतमा पर्याप्त छलफल गरेर निर्णय भइसकेको उल्लेख गर्दै चौथो पत्र दर्ता भएपछि अध्ययन गरिने' जवाफ दिए । तर राउतले त्यसमा चित्त बुझाएनन् ।

पार्टीले कारबाही गरेपछि संसद सचिवालयले रोक्न नमिल्ने तर्क गरे । कुनै पनि सांसदलाई सम्बन्धित दलले कारबाही गरेको पत्र आएपछि १५ दिनभित्र सूचना टाँसिदिने मात्रै सभामुखको भूमिका रहेको भन्दै उनले घिमिरेमाथि प्रश्न उठाए ।

त्यसपछि सभामुख घिमिरेले विगतमा प्राप्त निवेदनमा सांसद कारबाहीमा पर्नसक्ने गरी कसूर गरेको, त्यसका सम्बन्धमा पार्टीमा प्रश्न उठेको, छानबिन भएको, सफाइको मौका दिएको लगायतका कानुनी आधार नदेखिएको बताए । त्यसक्रममा सभामुख घिमिरेले राजनीतिक दलसम्बन्धी ऐनका विभिन्न प्रावधान सुनाए । जनमतले गरेको कारबाहीको निर्णयमा प्रक्रिया पूरा नभएकाले कारबाही सदर हुन नसकेको उनले दोहोऱ्याए । फेरि पनि कानुनमा व्यवस्था भए बमोजिमका प्रक्रिया पालना भए/नभएको हेरेर निर्णय लिइने सभामुख घिमिरेले बताए ।

त्यसपछि डा. राउत अझ रुष्ट भए । भेटमा सहभागी एक अधिकारीका अनुसार उनले सभामुखमाथि गम्भीर आरोप लगाए । 'तपाईंले गोमा लाभ सापकोटा पहाडको भएकाले बचाउनुभयो । मधेशको भएको भए उहिल्यै हटाउनुहुन्थ्यो' डा. राउतको भनाइ उधृत गर्दै ती अधिकारीले सुनाए ।

सभामुख घिमिरेले 'तपाईं यस्तो कुरा नगर्नुहोस्' भनेका थिए । घिमिरे र राउतको नोकभोँकपछि संसद सचिवालयका अधिकारीहरूले कानुनी उपचार खोज्ने अनेक विल्कप रहेको सुझाएर वातावरण सहज बनाउन प्रयत्न गरेका थिए । 'हामीबाट पनि गल्ती भएको हुनसक्छ । सभामुखबाट समेत गल्ती भएको हुन सक्छ । त्यसको परीक्षण अदालतले गर्छ । अदालतले जे भन्छ, त्यस अनुसार हुन्छ' संसद सचिवालयका अधिकारीले सुझाए ।

उनले पनि विगतमा सभामुख र संसद सचिवालयबाट कानुनी आधार नै नदेखिएकाले कार बाही सदर हुन नसकेको बताए । अगाडि भनेका थिए, 'उहाँ (गोमा लाभ सापकोटा) लाई हटाउन मिल्ने सम्बन्धी आधार केही पनि दिइएको छैन । के आधारमा कारबाही भएको भन्ने ? बिना आधार सांसदको पद खाइदिन भएन ।'

**कानुनी व्यवस्था के छ ?**

सांसद पद मुक्त हुने गरी कारबाहीमा पर्नसक्ने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐनको दफा १८, २८ ३१, ३२, ३४ र ३६ मा छ । ऐनको दफा १८ मा पार्टीको विधान विपरीत काम गर्ने वा दलको आचारसंहिता पालना नगर्ने सदस्य वा पदाधिकारीलाई अनुशासनको कारबाही गर्न सक्ने प्रावधान छ ।

कारबाही गर्नु अघि सफाइ पेश गर्ने मौका दिनुपर्ने र कारबाही गदौ त्यसको कारण स्पष्ट खुलाउनुपर्ने भनिएको छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ मा संसदीय दलको नेताको निर्देशन बमोजिम सचेतकले संघीय संसदको कुनै सदन वा प्रदेश सभामा हुने मतदानमा पक्ष र विपक्षमा मत दिन निर्देशन जारी गर्न सक्ने व्यवस्था छ ।

सरकारको विश्वास वा अविश्वासको प्रस्ताव, सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने विषय, बजेट पारित गर्ने विषय र राष्ट्रिय वा सार्वजनिक महत्वको कुनै विषयमा संसदीय दलले सांसदलाई पक्ष वा विपक्षमा मतदान गर्नका लागि सम्बन्धित दलको नेतामार्फत निर्देशन जारी हुन सक्छ । यस्तो निर्देशन नमान्ने सांसदको विवरण सचेतकमार्फत सम्बन्धित दलको केन्द्रीय समितिमा पुग्ने र त्यसले निर्णय गरे अनुसार हुने प्रावधान छ । राजनीतिक दल सम्बन्धी ऐनको दफा ३१ मा कुनै पनि सांसदले निर्वाचित भएको दल त्याग गर्न नहुने उल्लेख छ । दल त्याग गरेको खण्डमा सांसद पद रिक्त हुन्छ ।

दफा ३२ मा सांसदको व्यवहारका कारणले सांसद पद त्याग गरेको मानिने सम्बन्धी व्यवस्था छ । सम्बन्धित राजनीतिक दलको सदस्यबाट राजीनामा दिए, निर्वाचित भएको भन्दा अर्को दलको सदस्यता लिए, आफैंले वा आफूसमेत संलग्न भई अर्को दल गठन गरे सांसद पद जान्छ । राजनीतिक दल सम्बन्धी ऐनको दफा ३४ मा दल त्याग गरेको सूचना संसद् सचिवालयलाई दिनुपर्ने प्रावधान छ भने दफा ३५ मा सांसदले दल त्याग गरेको वा कारबाहीमा परेको भनी राजनीतिक दलले दिएको सूचनाका सन्दर्भमा पत्र प्राप्त भएको १५ दिनभित्र सभाध्यक्षले गर्नुपर्ने प्रावधान छ ।

राष्ट्रिय सभाको हकमा अध्यक्षले, प्रतिनिधि सभा र प्रदेश सभाको हकमा सम्बन्धित सभाको सभामुखले यसमा निर्णय लिनुपर्ने हुन्छ । कारबाही सदर हुने खण्डमा निर्णय लिएर सदन चालू भए सदनमा सुनाउनुपर्ने र सदन चालू नभए सूचना पार्टीमा टाँस गर्नुपर्ने व्यवस्था छ । दफा ३६ मा कुनै पनि सांसद कारबाहीमा परेको वा दल त्याग गरेको भन्ने सम्बन्धित दलको पत्र प्राप्त भएको भनी सदनमा सुनाइएमा वा सूचना पार्टीमा टाँस भएमा त्यस्तो सांसदको पद रिक्त भएको मानिने व्यवस्था छ । तर अभ्यास भने फरक फरक छ ।

**फरक- फरक अभ्यास**

प्रतिनिधि सभाको चालू कार्यकालमै तत्कालीन सांसद ढाका कुमार श्रेष्ठको सांसद पद रिक्त भएको छ । एक व्यापारीसँग दुई करोड माग गरेको अडियो सार्वजनिक भएपछि राष्ट्रिय स्वतन्त्र पार्टीले श्रेष्ठलाई कारबाही गरेको थियो ।

पार्टीले कारबाही गरेको पत्र प्राप्त भएपछि त्यस आधारमा सभामुख घिमिरेले श्रेष्ठ कारबाहीमा परेको र उनी बहाल सांसद पद रिक्त भएको जानकारी प्रतिनिधि सभाकै बैठकमा गराएका थिए ।

'मन्त्री बन्न पैसा माग गरेको जस्तो गम्भीर विषयमा आरोप लाग्यो र संवादको अडियो समेत सार्वजनिक भएको अवस्था थियो । त्यस्तो गम्भीर इस्यू आयो र कारबाही भयो भने सदर हुनु स्वभाविक थियो र, छ' संसद सचिवालयका महासचिव पाण्डेयले संचारकर्मीसँग भने ।

प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा जनता समाजवादी पार्टी (जसपा) की तत्कालीन सांसद सरिता गिरीको संसद पद गुमेको थियो । त्यसबेला गिरीले संसदमा पार्टीको फवीप उल्लंघन गरेकी थिइन् । लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटिएको नयाँ नक्साअनुसार निशान छाप परिवर्तन गर्न सरकारले ल्याएको संविधान संशोधन विधेयकमा गिरीले संशोधन हालेकी थिइन् । समाजवादी पार्टीको संसदीय दलले संशोधन फिर्ता लिन र विधेयकको पक्षमा मतदान गर्न निर्देशन दिएपनि उनले अटेर गरेकी थिइन् ।

पार्टीको ह्वीप उल्लंघन गरेको भनेर केन्द्रीय समितिको बैठकले निष्काशन गर्ने निर्णय भएको पत्र संसद सचिवालय पुगेलगत्तै उनको सांसद पद रिक्त भएको सूचना टाँस भएको थियो । प्रतिनिधि सभा विघटनसँगै चर्किएको विवादमा भने एमालेले १४ सांसदलाई गरेको कार बाही सदर भएन । २७ वैशाख २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा विश्वासको मत लिंदा माधव नेपाल सहित २८ जना सांसदहरु अनुपस्थित भए । उक्त अनुपस्थितिलाई ह्वीप उल्लघंनको रुपमा ब्याख्या गर्दै एमालेले १४ जना सांसदलाई कारबाही गर्ने निर्णय गऱ्यो ।

उक्त कारबाहीको पत्र संसद सचिवालयमा पुगेको थियो, तर सभामुखले सदर गरेनन् । बरु तत्कालीन सरकारले २० प्रतिशत केन्द्रिय सदस्य वा संसदमा रहेकामध्ये २० प्रतिशतले पार्टी फुटाउन सक्ने गरी अध्यादेश जारी भएको थियो । उक्त अध्यादेश अनुसार १४ जना सांसद नयाँ पार्टीमा जोडिए ।

यो परिस्थितिलाई देखाएर तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले १४ जना सांसदलाई पदमुक्त गर्ने निर्णय सदर गरेनन् । यही कारण एमालेले तत्कालीन सभामुख सापकोटाले गलत गरेको भनेर कार्यकालभर प्रश्न उठाएको थियो । संघीय संसद सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङका अनुसार राजनीतिक दलसम्बन्धी ऐन नहुँदा समेत राजनीतिक दलले गरेको कारबाही अस्वीकृत भएको उदाहरण छ ।

२०४८ को प्रतिनिधि सभामा तत्कालीन राष्ट्रिय जनमोर्चाले लिलामणि पोखरेल, कृष्णबहादुर महरा लगायतका सांसदहरूलाई कारबाही गरेको पत्र तत्कालीन सभामुख दमननाथ ढुंगानालाई दिएको थियो । राष्ट्रिय जनमोर्चाको नेतृत्वको तर्फबाट डा. बाबुराम भट्टराईले सभामुखलाई पत्र लेखेर पोखरेल, महरासहितका सांसदहरूले दल त्याग गरेकाले सांसद पद रिक्त भएको भनेका थिए ।

तर सभामुखले राजनीतिक दलसम्बन्धी ऐन नै नरहेको भनेर उक्त कारबाही बदर गरिदिए । पूर्व महासचिव गुरुङका अनुसार तत्कालीन सभामुख ढुंगानाले राजनीतिक दल सम्बन्धी ऐन नभएको भनेर कारबाही अस्वीकृत गरिदिएपछि डा. भट्टराई निर्वाचन आयोग गएका थिए ।

निर्वाचन आयोगले पनि कानुनको अभाव रहेको भनेर कारबाही सदर हुनसक्ने अवस्था नरहेको जवाफ दियो । त्यसपछि डा. भट्टराई रिट लिएर सर्वोच्च गए, तर अदालतले पनि कानुन अभाव रहेको भनेर कारबाही सदर हुन सक्ने आधार दिएन । अहिले भने कानुन नै नभएको अवस्था नरहेकाले सभामुखले कानुनमा उल्लेखित प्रावधान के कति पालना भएको छ वा छैन भनेर हेरेर निर्णय लिन सक्ने बताउँछन् पूर्वमहासचिव गुरुङ । उनी भन्छन्, 'निर्वाचन आयोग वा अदालतबाट त्यही राजनीतिक दल सम्बन्धी ऐन अनुसार कारबाही भएको छ वा छैन भन्ने हेरिने भएकाले आफ्नो निर्णय लिनु अगाडि सभामुख सचेत हुनु राम्रो हो ।'

*(स्रोत: अनलाइनखबर)*

# नेपाल नआउने भयो 'कंगुवा', 'ह्रस्व दीर्घ'लाई राहत






काठमाडौं/कुनै बेला नेपालको बजारमा भारतीय फिल्मको हालीमुहाली थियो । तर, अहिले परिस्थिति बदलिएको छ । केही वर्षयता भारतीय फिल्ममाथि नेपाली फिल्म हाबी भइरहेका छन् । गत वर्ष बलिउडको 'टाइगर ३' जस्तो ठूलो फ्रेन्चाइज फिल्मलाई समेत 'दिमाग खराब'ले नेपालका हलमा टिक्न दिएन । यो नेपाली फिल्मले हासिल गरेको ठूलो सफलता थियो ।

यसपालिको दशैंमा '१२ गाउँ' र 'छक्का पन्जा ५'ले बक्स अफिसमा ल्याएको सुनामीका कारण बलिउड अभिनेत्री आलिया भट्ट स्टार र फिल्म 'जिग्रा' नेपालमा नराम्रोसँग डुब्न पुग्यो । तिहारमा आएको 'पूर्णबहादुरको सारङ्गी'को सामु दुई बलिउड फिल्म 'सिंघम अगेन' र 'भूल भूलैया ३' पनि निरीह बन्न पुगेका छन् । यी दुई फिल्मका नेपाल वितरक ठूलो घाटामा जाने निश्चित देखिएको छ ।

नेपाली फिल्मप्रति दर्शकको आकर्षण बढ्दा भारतीय फिल्म प्राथमिकतामा पर्न छाडेका छन् । यसैले भारतीय फिल्म ठूलो मूल्यमा नेपाल ल्याउन वितरकहरु पनि हच्किन थालेका छन् । मूल्यकै कारण साउथको ठूलो फिल्म 'कंगुवा'लाई समेत नेपाल नल्याइने भएको छ । ए-एट् कम्पनीले यो फिल्म नेपाल ल्याउन खोजेको थियो । तर, भारतका वितरकले एक करोड २० लाख भारु मूल्य भनेपछि नेपालका वितरकले जोखिम उठाउने हिम्मत गरेनन् ।

'कंगुवा'लाई नेपाल नल्याउने अवस्था सिर्जना हुनुमा सबैभन्दा ठूलो कारण 'पूर्णबहादुरको सारङ्गी' नै हो । यसले बक्स अफिसमा जुन किसिमको झंकार पैदा गरेको छ, त्यो असामान्य छ । व्यापारमा दिनहुँ नयाँ-नयाँ रेकर्ड बनाइरहेको फिल्मले शो पनि अधिकांश कब्जा गरेको छ । यो अवस्थामा 'कंगुवा' न्यून शोमा खुम्चिनुपर्ने हुन्थ्यो । जसले गर्दा लगानी उठाउन सम्भव नदेखिएपछि नेपालका वितरक पछाडि हटेका हुन् ।

यही शुक्रबारबाट रिलिज हुन लागेको 'ह्रस्व दीर्घ'को डर पनि वितरकमा देखिएको हुनसक्छ । किनकि, अहिले नेपाली फिल्म अनपेक्षित रुपमा चलिरहेका छन् । यद्यपि, 'कंगुवा' नेपाल नआउँदा 'ह्रस्व दीर्घ'लाई ठूलो राहत मिलेको छ । किनकि, 'कंगुवा'ले केही मात्रामा शो खोस्न सक्थ्यो । अब यो अवस्था टरेको छ । तथापि, 'पूर्णबहादुरको सारङ्गी'को भय भने फिल्मलाई रहनेछ ।

# यस्तो छ 'कार्साङ'मा जितुको लुक्स




काठमाडौं/शेर्पा समुदायको कथामा आधारित भएर बनेको फिल्म 'कार्साङ' आगामी पुष २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । अभिनेता दयाहाङ राई शीर्ष भूमिकामा रहेको फिल्ममा जितु नेपालको पनि अभिनय छ । मंगलबार उनको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ । उनको लुक्स र गेटअप हेर्दा आदिवासी जनजाती समुदायको चरित्र देखिन्छ ।

अग्लो स्थानको ढुंगामा टुक्रुक्क बसेका उनले हातमा बटुका लिएका छन् । उनले अनुहारको भाव विगारेको देख्दा बटुकामा नशालु पदार्थ हुनसक्ने अनुमान गर्न सकिन्छ । स्टकोट लगाएका उनको शिरमा कालो रंगको टोपी र खुट्टामा गमबुट छ । घुँडामा झोला अड्याएका छन् । पृष्ठभूमिमा भने ग्रामीण भूगोल चित्रित छ । पोस्टर हेर्दा जितुले चरित्र निर्माणमा मिहिनेत गरेको देखिन्छ ।

पोस्टरमा कविता लयको 'मकै त पिन्ने घट्टामा, पिरती बस्यो ठट्टामा' भन्ने वाक्य उल्लेख छ । यसबाट जितुको चरित्रचित्रण गरिएको हुनसक्छ । उनको कसैसँग प्रेम बसेको जानकारी दिन खोजिएको छ । 'वडा नम्बर ६'पछि दयाहाङ र जितुबीच करिब ९ वर्षपछि सहकार्य भएकाले 'कार्साङ'लाई लिएर दर्शकमा उत्सुकता देखिन्छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा सिर्जना निङलेखु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, र विन्द्र झा, कर्मा शेर्पा लगायतको पनि अभिनय छ । सिर्जनाले यही फिल्मबाट डेब्यु गरेकी हुन् । उनी दयाहाङको श्रीमतीको भूमिकामा छिन् । जितुको जोडी भने दीया मास्केसँग बाँधिएको छ ।

पुरुषोत्तम प्रधानको छायांकन र निर्माण रहेको फिल्मको प्रस्तुतकर्ता आङ छिरिङ्ग शेर्पा हुन् । सह-निर्मातामा गोविन्द बोहरा, कार्यकारी निर्माता आङछिरिङ शेर्पा तथा लाइन प्रोड्युसरमा वीरेन्द्र शाही छन् । फिल्मको अन्तराष्ट्रिय वितरण अधिकार हुल्या इभेन्टस सुमन पराजुली र सोमलाल थोकर लिएको छ भने देशभर वितरणको जिम्मेवारी आरआर फिल्मसले लिएको छ ।

# 'ह्रस्व दीर्घ'को गीतमा आमाको महिमा वर्णन

काठमाडौं/यही कात्तिक ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ह्रस्व दीर्घ'को एकपछि अर्को प्रचारात्मक सामाग्री सार्वजनिक भइरहेका छन् । 'उठेर नाचिस्यो' गीत र अघिल्लो हप्ता सार्वजनिक ट्रेलरले राम्रो 'हाइप' निर्माण गरिर हँदा फिल्म रिलिजको संघारमा नयाँ गीत 'भगवान् नै आमा हुन्' सार्वजनिक गरिएको छ । आमाको महिमा वर्णन गरिएको गीत मर्मस्पर्शी छ ।

सार्वजनिक गीतमा सत्यराज आचार्यको गायन तथा बाबुल गिरीको शब्द रचना छ । लिरिकल भिडियोमा फिल्मभित्रका चल/अचल दृश्य समावेश छन् । सन्तानका लागि एक आमाले गर्ने संघर्ष, त्याग र समर्पणको भाव गीतमा छ । अभिनेत्री विपना थापालाई आमाको रुपमा चित्रित गरिएको छ । उनको अभिनय मनछुने छ । उनले यही फिल्मबाट १३ वर्षपछि कमब्याक गरेकी हुन् ।

चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्ममा नेपाली र दक्षिण भारतका कलाकारहरुको 'पल्टन' नै छ । फिल्ममा साउथबाट ब्रह्मानन्दम, प्रदीप रावत, सुनिल बर्मा, अली, कबीर दुहन सिंहसहित नेपाली कलाकारहरु विपनासँगै नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, रेखा थापा, सञ्चिता लुइँटेल, प्रशान्त ताम्राकार, किरण केसी, रविन्द्र झा लगायतको अभिनय रहेको छ ।

हरिहर अधिकारीको कथा, प्रतिक पौडेल, निर्देशक पन्त र हरि हरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउडका प्रसिद्ध छायाँकार कवीरलालले खिचेका हुन् । नीता ढुंगाना निर्माता र धनन्जय गलानी कार्यकारी निर्माता रहेको फिल्म विश्वभर नेपाली र हिन्दी भाषामा रिलिज हुनेछ । तेलुगु भाषामा पनि फिल्मलाई स्वरांकन गरिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# प्राधिकरणले क्षेत्रीय कार्यालयहरुलाई दियो उद्योगको लाइन जोड्न निर्देशन

काठमाडौं/मन्त्रिपरिषद्को निर्णयबमोजिम डेडिकेटेड विवादमा लाइन काटिएका उद्योगमा पुन: लाइन जोड्न नेपाल विद्युत प्राधिकरणले क्षेत्रीय कार्यालयहरुलाई निर्देशन दिएको छ ।

टीओडी मिटरसमेतका आधारमा डेडिकेटेड र ट्रंक लाइनको विद्युत महसुल गणना गरी अशुल गर्न पनि नेपाल विद्युत प्राधिकरणले क्षेत्रीय कार्यालयहरुलाई पत्राचार गरेको हो । मंगलबार प्राधिकरणको सञ्चालक समितिले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्णय गरेपछि त्यसअनुसार १५ दिनभित्र महसुल गणना गरी अशुल गर्न मातहतका कार्यालयहरुलाई पत्राचार गरिएको प्राधिकरण स्रोतले जानकारी दियो ।

'नेपाल विद्युत प्राधिकरणको २०८१ कात्तिक २७ गते बसेको बैठकले मन्त्रिपरिषद्को २५ कात्तिकको निर्णय कार्यान्वयन गर्ने निर्णय गरेको हुँदा सम्बन्धित वितरण केन्द्रहरुबाट उल्लेखित उद्योगहरुको विद्युत लाइन जोड्ने तथा १५ दिनभित्र बक्यौता अशुल उपर गर्नु गराउनुहुन अनुरोध गरिन्छ,' प्राधिकरणले प्रादेशिक कार्यालयहरुलाई लेखेको पत्रमा उल्लेख छ ।


पत्रकोसाथमा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्देशन दिने उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पत्र तथा प्राधिकरणको सञ्चालक समितिको निर्णयको प्रति पनि संलग्न गरिएको उल्लेख छ ।

यो विवादमा लाइन काटिएका उद्योगहरुमा तत्काल लाइन जोडिदिन तथा विद्युत महसुल अशुली थाल्न निर्देशन आएको प्राधिकरणका एक क्षेत्रीय प्रमुखले संचारकर्मीलाई जानकारी दिए । 'लाइन जोड्न भनेर लिखित पत्र आएको छ अब विस्तारै उद्योगहरुको लाइन जोड्दै जानेछौं,' उनले भने ।

वितरण केन्द्रहरुले जारी गरेको नयाँ बिलको प्रति विद्युत ग्राहक सेवा निर्देशनालयको अर्थ विभागमा पठाउन पनि प्राधिकरणले क्षेत्रीय कार्यालयहरुलाई निर्देशन दिएको छ । आइतवार साँझ मन्त्रिपरिषद् बैठकले यो विवादमा उद्योगहरुमा काटिएको विद्युत् २४ घन्टाभित्र जोड्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को निर्णय प्रमाणित भएर आएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यो कार्यान्वयनका लागि भन्दै सामबार अपराह्न नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरेको थियो । मन्त्रिपरिषद्को निर्णय समेत समावेश गरेर गरिएको पत्राचारमा विद्युत् प्राधिकरण ऐन २०४१ को दफा २५ मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । ऐनको सो दफामा नेपाल सरकारले विद्युत् प्राधिकरणलाई निर्देशन दिन सक्ने र त्यो पालना गर्नु उसको दायित्व हुने उल्लेख छ ।

मन्त्रालयको सो पत्र विद्युत् प्राधिकरणमा साँझ ५ बजेर १५ मिनेटमा दर्ता भएको प्राधिकरण स्रोतले जानकारी दियो । 'प्राधिकरणमा मन्त्रि परिषद्ले दिएको निर्देशनको जानकारी पुग्नेबित्तिकै व्यवस्थापनले कार्यान्वयन गरिहाल्नुपर्ने हो, तर सञ्चालक समितिले निर्णय नगरी निर्णय कार्यान्वयन नगर्ने अडान कार्यकारी निर्देशक घिसिङले राखे,' स्रोतले भन्यो ।

*(स्रोत: अनलाइनखबर)*






हरिबोधनि एकादशी अर्थात तुलसी बिवाहका अवसरमा मकवानपुरको प्रशिद्ध शिवालय त्रिखण्डेस्वर महादेब मन्दिर परिसरमा लागेको मेलामा भक्तजन । - ठूलो एकादशीको रुपमा मनाइने पर्वका अवसरमा ऐतिहासिक मकवानपुरगढी दरबार क्षेत्रमा लागेको मेला भर्न पुगेका भक्तजन । कन्दमुल फलाहार गर्ने र अन्न नखाइ मनाइने ठूलो एकादशीका दिन घरघरमा तुलशीको मठ सिंगारेर चिटिक्क बनाइन्छ । तस्बिर: *साझाकुरा*

# सिस्नेरी पहिरोपीडितका परिवारले भेटे मुख्यमन्त्री, कारबाही माग



साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा ६ जना विद्यार्थी खेलाडीको पहिरोले पुरिएर मृत्यु भएको घटनाको छानबीन माग गर्दै दोषिलाई कारबाही गर्न परिवारले बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामालाई भेट गरेका छन् ।

मृतक बालखेलाडीको परिवारले मंगलबार मुख्यमन्त्री लामालाई भेटेर घटनाको छानबीन गर्न माग गरेका हुन् । बागमती सरकारसँग क्षतिपूर्ति, मृतकको नाममा प्रतियोगिता आयोजनालगायत माग पनि राखिएको छ । गत १२ असोजमा इन्द्रसरोबर-३, सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना खेलाडीमध्ये ६ जनाको बिहान ६ बजे पहिरोले पुरिएर मृत्यु भएको थियो ।

कुलेखानी जलविद्युत केन्द्रबाट साढे ५ बजे दुईवटा ढोका खोलेर पानी छोडेपछि कुलेखानी खोलामा बाढी आएकाले खोलाछेउको एकेडेमी भवनबाट टेकरतर्फ जान लाग्दा पहिरोमा पुरिएका थिए । पहिरोमा पुरिएर सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घर भएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको मृत्यु भएको थियो ।

दुःखद् र भयानक घटना लापरबाहीका कारण सिर्जना भएको परिवारको ठहर छ । मृतक परिवारले नेपाल विद्युत प्राधिकरण, एकेडेमी सञ्चालक अखिल नेपाल फुटबल संघ (एन्फा) र एकेडेमीको यवस्थापकीय जिम्मेवारी लिएको बत्सलादेवी माविको ब्यवस्थापन समितिका कारण घटना हुन पुगेको जिकिर गरेको छ ।

मृतक हेटौंडाका अनुपम घलानका बाबुसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले दोषिमाथि कारबाही माग गर्दै बागमती सरकारको ध्यानाकर्षण गराइएको बताए । 'मुख्यमन्त्रीज्यूसँग घटनाको निष्पक्ष छानबीन तथा मृतक खेलाडीको स्मृतिमा निरन्तर खेल आयोजना गर्न ध्यानाकर्षणसहित माग पेश गरेका छौं ।' उनले भने । ६ जना बाल फुटबल खेलाडीको एकैथलोमा असामयिक देहावसान भएको विषय नेपालको खेलकुद इतिहासमा दुःखद घट्ना भएको बताउँदै घलानले दोषि उम्किन नदिन सरकारसँग अनुरोध गरे ।

# लिलाबल्लभको पक्राउ रविलाई सन्देश

काठमाडौं, २७ कात्तिक/ राजनीतिक अस्थिरताको लाभ उठाउँदै ६ पटकसम्म गण्डकी प्रदेशमा मन्त्री बनेका दीपक मनाङे मंगलबार जेल चलान भएका छन् । २० वर्ष पुरानो मुद्दाको सुनुवाइ गर्दै सर्वोच्च अदालतले २० कात्तिकमा मनाङेलाई ५ वर्ष जेल सजायको फैसला सदर गरेको थियो । तत्कालिन पुनरावेदन अदालत पाटनको फैसला सदर गर्ने सर्वोच्चको फैसलापछि फरार भएका मनाङेले पूर्णपाठ आएपछि निर्णय लिने वक्तव्य जारी गरेका थिए ।

गण्डकीमा सरकार बनाउन जुनसुकै बेला मनाङेको खोजी हुन सक्ने परिस्थिति भएकाले उनीबारे हुने निर्णयमा राजनीतिक वृत्तको चासो पनि कम्ती थिएन । अन्ततः मनाङे पक्राउ परे, जेल चलान भए । अर्को कुनै ट्वीस्ट नआउँदासम्म यो प्रकरण तत्काललाई टुंगिएको छ । ठूला दलकै प्रस्तावमा मन्त्री हुन पाइरहेका गण्डकीका सांसद मनाङे जेल पर्दा उता कोशीका एमाले सांसद तथा निवर्तमान मन्त्री पनि प्रहरी फन्दामा छन् ।

मानव तस्करी प्रकरणमा जोडिएपछि निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारी पक्राउ परेका हुन् । मोरङ-२ (ख) बाट दोस्रोपटक चुनाव जितेका अधिकारीलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रवक्तासहित प्रभावशाली मन्त्री नियुक्त गरेका थिए । तर मुख्यमन्त्री कार्की र मन्त्रिपरिषदलाई जानकारी नदिइ गत ११ कात्तिकमा उनी जापान गए । त्यो भ्रमण दलालकै योजनामा तय भएको खुल्यो ।

आफू कसरी जापान पुगेँ भन्ने व्यहोरा र कीर्ते कागज तयार पारेर अरु व्यक्ति समेत आफूसँगै लगिएको तथ्य स्वयं अधिकारीले सार्वजनिक गरे । अधिकारीले आफू फसाइएको सन्देश जानेगरी प्रष्टोक्ति दिनेदेखि मन्त्री पदबाट राजीनामा दिनेसम्म गरे । घटना विवरण सार्वजनिक गर्नेदेखि पदबाट राजीनामा दिने जस्ता निर्णय अधिकारीले गर्दा धेरैले शंका गरेका थिए । प्रधानमन्त्री र मुख्यमन्त्रीकै पार्टीका नेता भएकाले अधिकारीलाई जोगाइन सक्ने शंका विपक्षी दलहरुले पनि गरेका थिए ।

तर त्यस विपरीत एमालेले हरेक दिन जस्तो निर्णय गऱ्यो । मन्त्री पद र पार्टीको जिम्मेवारीबाट अलग हुने निर्णय गर्न अधिकारीलाई निर्देशन दिइयो । मन्त्री पदबाट राजीनामा दिएका अधिकारीलाई २१ कात्तिकमा कारबाही गर्न एमालेले संस्थागत माग राख्यो ।

'भ्रमणसँग जोडिएर लागेको मानव तस्करी जस्तो गम्भीर आरोपका सम्बन्धमा शीघ्र छानबीन तथा गहिरो अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गर्न नेपाल सरकार' २४ कात्तिकमा कोशी एमालेका अध्यक्ष घनश्याम खतिवडाले जारी वक्तव्यमा भनिएको थियो । प्रदेश कमिटीकै निर्णयलाई एमाले केन्द्रीय सचिवालयको बैठकले पनि सदर गऱ्यो ।

भोलिपल्ट, २५ कात्तिकमा प्रदेश संसदीय दलबाट २४ घण्टे स्पष्टीकरण सोधियो । तर स्पष्टीकरणको अवधि नसकिँदै अधिकारी २६ कात्तिकमा विराटनगरस्थित निवासबाटै पक्राउ गरे । काठमाडौं प्रहरीको अनुरोधमा पक्राउ परको अधिकारी हाल प्रहरी हिरासतमा छन् ।(२७ कात्तिकमा) जिल्ला अदालतले थप ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

सरकारका प्रवक्ता समेत रहेका एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ यो प्रकरणलाई सरकारले दिएको संकेतका रुपमा बुझ्नुपर्ने बताउँछन् । 'यो एउटा संकेत हो । यस्तो काम गऱ्यो भने सत्तारुढ दलका कुनै सांसद होस् कि मन्त्री वा मूख्यमन्त्री होस्, छुट पाउँदैन', सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङले भनेका छन्, 'गल्ती गर्नेले सजाय पाउनुपर्छ भन्ने सिद्धान्तका साथ लागेका छौं ।'

राष्ट्रिय राजनीतिका अरु घटनाक्रम पनि हेर्दा भने मन्त्री गुरुङको अभिव्यक्ति सुशासनप्रति सरकारको सिद्धान्तमा मात्र सीमित गर्न सकिदैन । बरु सहकारी बचत रकम अपचलन मुद्दामा झण्डै एक महिना यता प्रहरी हिरासतमा रहेका रवि लामिछाने र उनी नेतृत्व राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सरकारको सन्देश भनेर समेत अर्थ्याउन सकिन्छ ।

सोधेकै प्रश्नको जवाफ दिन समेत अल्छी गर्ने कांग्रेसका सभापति शेरबहादुर देउवाको पछिल्लो अभिव्यक्तिबाट पनि रास्वपालाई सरकारले कठोर बन्ने सन्देश दिएकै बुझिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# चैनपुर जेसीजद्वारा प्रगतिका विद्यार्थीलाई स्टेशनरी

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मनहरी गाउँपालिका-६ लोथरमा रहेको प्रगति राष्ट्रिय प्राविका विद्यार्थीलाई चैनपुर जेसीज मनहरीले अध्ययनमा सहयोग पुऱ्याउन स्टेशनरी सामग्री उपलब्ध गराएको छ ।

जेसीज सप्ताह २०२४ अन्तर्गत मंगलबार बिहान विद्यार्थीका लागि स्टेसनरी सामग्री सहयोग गरिएको हो । विशेषगरी विपन्न परिवारका विद्यार्थी अध्ययनरत स्कुल भएकोले सहयोग गरिएको जेसीजका अध्यक्ष रविन ढकालले जानकारी दिए । कार्यक्रम संयोजक अर्जुन कार्कीको संयोजकत्व एवम् मनहरी गाउँपालिका कार्यपालिका सदस्य राममाया नगरकोटीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

नगरकोटीले विपन्न विद्यार्थी अध्ययनरत विद्यालयमा सहयोग गरेकोमा जेसीजलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहकार्यको अपेक्षा गरिन् । जेसीज अध्यक्ष ढकालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सीताराम राई, शिक्षिका सुशिला रुम्बा, सरुका नगरकोटीलगायतको आतिथ्यता थियो । जेसीज सप्ताहका मूल कार्यक्रम संयोजक कार्यकारिणी उपाध्यक्ष सुरेश गौतमले जेसीज सप्ताहको विषयमा जानकारी गराएका थिए ।

जेसीज सप्ताहअन्तर्गत बुधबार स्लो मोटरसाइकल रेस प्रतियोगिता, बिहीवार महेन्द्रज्योति मावि हाँडीखोलामा लागूपदार्थ दुर्व्यसनसम्बन्धी सचेतना कार्यक्रम, शुक्रबार 'समाजका लागि युवा' विषयमा बालजीवनज्योति मावि मनहरी-१ मा वतृत्वकला र शनिबार हाँडीखोलाको लामिटारदेखि गोलघर सम्म जेसीज दौड प्रतियोगिता हुने सहमूल कार्यक्रम संयोजक नवराज रिजालले बताए ।

# कुलेखानीको क्षतिबारे अध्ययन समितिले बुझायो प्रतिवेदन



साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ कुलेखानी जलविद्युत् केन्द्रको ड्याममा भएको क्षतिबारे अध्ययन तथा छानबीन गर्न गठित समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई प्रतिवेदन बुझाएको छ ।

गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण कुलेखानी जलविद्युत् केन्द्रको ड्यामको ढोका खोल्दा तल्लो तटीय क्षेत्रमा क्षति पुगेपछि ऊर्जामन्त्री खड्काले गत असोज २२ गते अध्ययन समिति गठन गरेका थिए । समितिले १५ दिन लगाएर स्थलगत अध्ययन तथा छानबीन गरी प्रतिवेदन बुझाएको हो । विद्युत् विकास विभागका उपमहानिर्देशक गोकर्णराज पन्थको संयोजकत्वमा गठित समितिले तल्लोतटीय क्षेत्रमा भएको क्षतिको विषयमा स्थलगत निरीक्षण गरी क्षतिको विवरण संकलन गरिएको समितिले जनाएको छ ।

कुलेखानी ड्यामको ढोका मापदण्डअनुसार खोलिएको नखोलिएको विषयमा विस्तृतरुपमा अध्ययन गरी भविष्यमा हुने क्षति न्यूनीकरण गर्ने विषयमा सुझाव दिइएको समितिका सदस्य-सचिव एवम् मन्त्रालयका उपसचिव शालिग्राम भण्डारीले जानकारी दिए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७


# शिक्षक बम्जनमाथि गोली हानेको आरोपमा ठाकुर पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुरको बकैया गाउँपालिका-३ हात्तिसुँडेमा रहेको बुद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बम्जनमाथि गोली प्रहार गर्ने घटनामा संलग्न भएको आरोपमा एकजना पक्राउ परेका छन् ।

बागमती गाउँपालिका-१, बोटगाउँ घरभएका बम्जनमाथि घर फर्कने क्रममा ३ जनाको समूहले सिन्धुलीको हरिहरिपुरगढी गाउँपालिका-६, स्थित सिन्धुली-सर्लाही-कर्मैया सडकखण्डमा २५ कार्तिकमा गोली प्रहार गरेको थियो । गोली हानेर यो समूह फरार भएकोमा जिल्ला प्रहरी कार्यालय सिन्धुलीले सोमबार एकजनालाई पक्राउ गरेको छ । घटनामा तीन जनाको संलग्नता रहेको शिक्षकको सूचनाका आधारमा प्रहरीले खोजी गर्दा बिजनन्दन ठाकुरलाई पक्राउ गरेको हो ।

सर्लाहीको बागमती नगरपालिका-७ तुफानपुर घर भएका ३० वर्षका परमानन्द भन्ने विजनन्दन ठाकुर पक्राउ परेका छन् । उनलाई ५ दिन हिरासतमा राख्न सिन्धुली जिल्ला अदालतबाट अनुमति लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी अनिलकुमार खड्काले बताए । गालामा गोली लागेका बोम्जनको हाल काठमाडौंको ह्याम्स अस्पतालमा उपचार भइरहेको छ ।

मोटरसाइकल चलाएर हिँडिरहेको अवस्थामा बम्जनलाई रोकेर नलकटुवा बन्दुकले गोली प्रहार गरिएको थियो । बम्जनले लगाएको हेल्मेटको दाहिनेतर्फबाट प्रहार भएको गोलीले गाला छेडेर दाँत (बंगारा) मा अड्किएको डीएसपी खड्काले बताए । 'दाँतमा अड्किएकाले ज्यान जोगिएको पाइयो । गोलीले हेल्मेटको दाहिनेतर्फबाट गाला छेडिएको थियो', उनले भने । बम्जन आइतबार रौतहटको गैंडाटार स्थित दिदीको घरमा पूजा सकेर बागमतीस्थित घर फर्किंदै थिए ।

बम्जनले चलाएको प्रदेश २-०३-००६ प ८५५४ नम्बरको मोटरसाइकल पछाडि उनका भाइ दिलबहादुर बम्जन सवार रहेकोमा उनी सकुशल रहेको डीएसपी खड्काले जानकारी दिए । यता घाइते बम्जनले पैसा लुटपाट गर्ने उद्देश्यले बसेको डाँका समूहले आफूमाथि गोली प्रहार गरेको बताएका छन् । आफूलाई बाटो ढुकेर बसेको डाँका समूहले पैसा मागेको र पैसा छैन भनेपछि गोली हानेको बताएका हुन् । 'म र भाइ दिदीको घरमा पूजामा गएर मोटर साइकलमा घर फर्किंदै थियौं । बाटोछेउमा बसिरहेको ४-५ जनाको समूहले रोकेर पैसा मागे । मैले पैसा छैन भनेर बाइक रोकेर ओर्लिन खोज्दाखोज्दै गोली हानिहाले ।'

# 'ह्रस्व दीर्घ'को पोस्टर पब्लिसिटी अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ हेटौंडाबाट नेपाली फिल्म 'ह्रस्व दीर्घ'को पोस्टर पब्लिसिटी अभियान सुरु भएको छ । यस अभियान अन्तर्गत् सवारीसाधनमा पोस्टर टाँसिएका छन्, जसले गर्दा दर्शकहरुमा फिल्मप्रति उत्सुक्ता बढ्दै गएको दाबी गरिएको छ ।

प्रचारमा सहभागी टोलीका सदस्यले विशेषरुपमा डिजाइन गरिएका पोस्टरयुक्त टी-शर्ट लगाएर फिल्मको प्रचार गरिरहेका छन् । अभिनेत्री नीता ढुंगानाको लगानीमा निर्माण गरिएको यो फिल्म आगामी कार्तिक ३० गतेदेखि प्रदर्शनमा आउँदैछ ।

फिल्ममा हरिहर अधिकारी, नीता ढुंगाना, ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत, सुनिल वर्मा, प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा, आर्दश मिश्र, बुद्धि तामाङ, र किरण केसीजस्ता कलाकारको अभिनय देख्न पाइनेछ ।

सिनेमाको कथा अभिनेता हरिहर अधिकारीले लेखेका हुन्, भने पटकथा र संवाद प्रतीक पौडेल, निर्देशक चन्द्र पन्त र हरिहर अधिकारीले मिलेर तयार गरेका छन् । बलिउडका चर्चित सिनेमाटोग्राफर कवीरलालले सिनेमाको छायांकन गरेका छन् । निर्देशक चन्द्र पन्तको यो नेपाली सिनेमा क्षेत्रमा पहिलो निर्देशन हो । उनले यसअघि भोजपुरी सिनेमा निर्देशन गरेका थिए ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

**मधुमेहले,**

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौ,
- चिल्लो तथा चिनीजन्य (ग्लूकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौ,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना